# दोरम्बा शैलुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## टोकरपुर, रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्या:२०८१/०८२
चलानी नं.:

मितिः २०८२/०१/०७

### करार सेवामा कर्मचारी माग सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति: २०८२/०१/०७)

दोरम्बा शैलुङ गाउँपालिका अन्तर्गत विभिन्न स्वास्थ्य संस्थाहरुमा रिक्त रहेको पदको लागी कार्यपालिकाको निर्णय बमोजिम तपशिलका पदहरुको लागी स्वास्थ्यकर्मी पदपुर्ती गर्नुपर्ने भएकोले निम्न उल्लेखित विवरणको आधारमा योग्यता पुगेका नेपाली नागरिकहरुले सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र माग भए बमोजिमको विवरण र दोरम्बा शैलुङ गाउँपालिको नाममा ग्लोबल आइएमई बैंकमा रहेको आन्तरिक राजश्व खातामा राजश्व तिरेको बैंक भौचर सहित दरखास्त फारम भरी यस गाउँपालिकाको प्रशासन शाखामा पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल:

| क्र.स. | विज्ञापन नं. | पद | समुह/ उपसमुह | तह | सेवा | माग पद संख्या | किसिम | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८-२०८१/०८२ | मे.अ. | ज.हे.स. | अधिकृत आठौं | स्वास्थ्य | १ | खुल्ला | रु. १००० | |
| १ | ९-२०८१/०८२ | अ.हे.व. | हे.ई. | साहयक चौथो | स्वास्थ्य | २ | खुल्ला | रु. ५०० | |
| २ | १०-२०८१/०८२ | अ.न.मी. | प.हे.न. | साहयक चौथो | स्वास्थ्य | २ | खुल्ला | रु. ५०० | |

१. शैक्षिक योग्यता :
   - स्वास्थ सेवा, ज.हे.स. समुह, मे.अ. पदको लागी मान्यता प्राप्त शिक्षण संस्था बाट MBBS कोर्ष उत्तिर्ण गरेको।
   - स्वास्थ्य सेवा, हेल्थ ईन्सपेक्सन समुह, अ.हे.व पदको लागी मान्यता प्राप्त शिक्षण संस्था बाट सि.एम.ए. वा सो सरह कोर्ष उत्तिर्ण गरेको।
   - स्वास्थ्य सेवा, पब्लिक हेल्थ नर्सिङ समुह, अ.न.मी. पदको लागी मान्यता प्राप्त शिक्षण संस्था बाट अ.न.मी. कोर्ष वा सो सरह उतिर्ण गरेको । SBA Training लिएको लाई विशेष प्राथमिकता दिइने छ।

२. पेश गर्नुपर्ने कागजातहरु : नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताका प्रमाणपत्रहरु, काउन्सिल दर्ता प्रमाण पत्रको प्रतिलिपि, अनुभव भए सो सम्बन्धि कागजातहरु, पासपोर्ट साईजको ३ प्रति फोटो र गाउँपालिकाको दरखास्त दस्तुर तिरेको नगदि रसिद ।

३. उमेर: १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको । महिलाको हकमा ४० वर्ष ननाघेको।

४. दरखस्त फारम : गाउँपालिकामा स्वयम् उपस्थित भई पेश गर्नुपर्ने छ।

५. दरखास्त बुझाउने अन्तिम मिति २०८२/०१/२२ गतेको साँझ ५:०० बजे भित्र बुझाउन सकिनेछ। अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालयको समय भित्र बुझाउन सकिनेछ।

६. परिक्षा मिति: पछि प्रकाशन गरिनेछ।

७. सेवा सुविधा: नेपाल सरकारको नियामानुसार।

८. परिक्षाको किसिम : लिखित परिक्षा र अन्तर्वार्ता हुनेछ।

९. सूचनामा उल्लेखित नभएका अन्य कुराको हकमा गाउँपालिका तथा प्रचलित कानुन बमोजिम हुनेछ। साथै म्याद नाघि आएका र रीत नपुगेको दरखास्त उपर कुनै कारवाही गरिने छैन।

नरेश महतो
नि प्रमुख प्रशासकीय अधिकृत

website: www.dorambamun.gov.np
Email:ito.dorambamun@gmail.com

नरेश महतो
नि.प्रमुख प्रशासकीय अधिकृत